# करदाता

# दर्ता सम्बन्धी जानकारीमूलक पुस्तिका

**नेपाल सरकार**

**अर्थ मन्त्रालय**

**आन्तरिक राजस्व विभाग**

**लाजिम्पाट, काठमाडौं**

## १. स्थायी लेखा नम्बर (PAN)

कुनै व्यवसाय मार्फत निर्धारणयोग्य आय आर्जन गर्न चाहने व्यक्ति वा निकाय तथा विभागले स्थायी लेखा नम्बर लिनुपर्ने भनी तोकिएका वा स्रोतमा करकट्टी गर्नुपर्ने जुनसुकै व्यक्तिले आय आर्जन गर्नुपूर्व वा करकट्टी गर्नु अगावै आयकरमा दर्ता गर्नुपर्दछ । आयकरमा दर्ता गर्दा कुनै व्यक्ति वा निकायलाई प्रदान गरिने करदाता पहिचान नम्वरलाई स्थायी लेखा नम्बर (Permanent Account Number/PAN) भनिन्छ । यसलाई करदाता पहिचान नम्बर (Taxpayer Identification Number) पनि भनिन्छ । आयकर ऐन २०५८ को दफा ७८ र आयकर नियमावली २०५९ को नियम २३ ले स्थायी लेखा नम्बर सम्बन्धी व्यवस्था गरेको छ । स्थायी लेखा नम्बर आन्तरिक राजस्व विभाग अन्तर्गतका आन्तरिक राजस्व कार्यालय र करदाता सेवा कार्यालयहरुबाट जारी हुन्छ ।

- स्थायी लेखा नम्बर पेशागत वा व्यवसायिक कारोबार गर्ने र कर तिर्ने एउटा स्थायी परिचय पत्र हो । यो प्रत्येक व्यक्ति/करदातालाई कर प्रयोजनको लागि उपलब्ध गराईने एक पहिचान पनि हो ।
- स्थायी लेखा नम्बर एकपटक लिईसकेपछि परिवर्तन नहुने र सधैंभरि सोही संकेत अंक कायम रहीरहने हुनाले यसलाई स्थायी लेखा नम्बर भनिएको हो ।
- एउटा स्थायी लेखा नम्बर एउटा व्यक्तिको लागि एकपटक उपलब्ध हुने र यो नम्बर व्यक्तिको लागि कर तिर्ने र कर प्रशासनको लागि व्यक्तिगत सूचनाको स्रोतको रुपमा प्रयोग हुन्छ ।
- स्थायी लेखा नम्बर आन्तरिक राजस्व विभागको व्यवस्थापन सूचना प्रणालीवाट सिर्जना गरिन्छ र एउटा नम्बर नौ अङ्कको अरु कसैसँग नमिल्ने (Unique) हुन्छ ।
- यसको नवीकरण गराईरहनु पर्दैन । तर करदाताको ठेगाना, कारोबार स्थल, कारोबारको प्रकृति वा स्थायी लेखा नम्बर लिने समयमा उल्लेखित अन्य कुनै विवरण परिवर्तन भएमा परिवर्तन भएको मितिले १५ दिनभित्र सोको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दिनुपर्ने व्यवस्था छ ।

### १.१ स्थायी लेखा नम्बर (PAN) का प्रकारहरु

- व्यक्तिगत स्थायी लेखा नम्बर (Personal Permanent Account Number/PPAN)
- व्यवसायिक स्थायी लेखा नम्बर (Business Permanent Account Number /PAN)

- करकट्टी गर्ने निकायले लिने स्थायी लेखा नम्बर (Withholding Permanent Account Number /WPAN)

## १.२ स्थायी लेखा नम्बर (PAN) कसले लिनुपर्ने व्यक्ति वा निकायहरु

करयोग्य आयआर्जन गर्ने कुनैपनि पेशा, व्यवसाय, लगानी वा रोजगारी गर्ने व्यक्ति (प्राकृतिक व्यक्ति वा कम्पनी / निकाय) र अग्रिम कर कट्टी गर्ने व्यक्ति (प्राकृतिक व्यक्ति वा कम्पनी / निकाय, गैरसरकारी संस्था, सार्वजनिक संस्था, कार्यालयहरु) सबैले स्थायी लेखा नम्बर लिनुपर्दछ ।

## १.३ स्थायी लेखा नम्बर (PAN) लिने स्थान

आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयवाट स्थायी लेखा नम्बर लिन सकिन्छ । साथै आन्तरिक राजस्व विभागबाट स्थायी लेखा नम्बर जारी गर्न स्वीकृति प्राप्त उद्योग वाणिज्य संघ, चेम्बरअफ कमर्स तथा वस्तुगत संघ संस्थाहरुबाट स्थायी लेखा नम्बर लिन सकिन्छ । तर यस्ता निकायवाट जारी भएका स्थायी लेखा नम्बरका आधारमा विभागले तोकेको अवधिसम्म आयात र निर्यातको कारोवार गर्न सकिने छैन ।

## १.४ स्थायी लेखा नम्बर लिन आवश्यक कागजातहरु

स्थायी लेखा नम्बर लिनको लागि निम्नानुसारका कागजातहरु पेश गर्नु पर्दछ ।

### १.४.१ व्यक्तिगत स्थायी लेखा नम्बर (PPAN) को लागि

- नेपाली नागरिकको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
- भारतीय नागरिकको हकमा सरकारी निकायले जारी गरेको परिचयपत्र र रोजगारदाताको शिफारिसपत्र ।
- भारतवाहेक अन्य विदेशी नागरिकको हकमा राहदानी वा कुटनैतिक नियोगद्वारा जारी गरिएको परिचयपत्रको प्रतिलिपी, श्रम स्विकृतिपत्र र रोजगारदाताको शिफारिसपत्र ।
- १ प्रति पासपोर्ट साइजको फोटो ।
- विवरण भरेको आवेदन फाराम ।

### १.४.२ व्यावसायिक स्थायी लेखा नम्बर (PAN) को लागि

#### १.४.२.१ प्राकृतिक व्यक्तिको हकमा,

- पेशा वा व्यवसाय दर्ता गर्ने शुरु दर्ता निकायले जारी गरेको पेशा वा व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपी ।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

- विदेशीको हकमा राहदानी वा कुटनैतिक नियोगद्वारा जारी गरिएको परिचयपत्र (भारतीय नागरिकको हकमा सरकारी निकायले जारी गरेको परिचयपत्र) को प्रतिलिपी, श्रम स्विकृतिपत्र र कर अधिकृतले कारोवारको प्रकृति हेरी माग गरेको धरौटी जम्मा गरेको बैंक भौचर ।
- २ प्रति पासपोर्ट साइजको फोटो ।
- आफ्नो भवन भए लालपूर्जाको फोटोकपी अन्यथा घरधनी सँगको घरबहाल सम्झौताको प्रतिलिपी ।
- मुख्य कारोवार स्थल देखिने गरी बनाइएको नक्सा ।

#### १.४.२.२ निकायको हकमा,

- साझेदारी फर्म तथा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी,
- साझेदारी फर्म (JV) को हकमा कार्यआदेश सम्बन्धी सम्झौताको प्रतिलिपी,
- प्रबन्धपत्र, नियमावली वा विधानको प्रतिलिपी,
- आवेदन पत्रमा दस्तखत गर्नेको पासपोर्ट साइजको २ प्रति फोटोहरु,
- साझेदारी फर्म भए सबै साझेदार वा कम्पनी भए सबै संचालकहरुको नागरिकताको प्रतिलिपी,
- स्थायी लेखा नम्बर लिने व्यहोराको संचालक समिति वा कार्यसमितिको निर्णयको प्रतिलिपी
- अरु कसैलाई अख्तियारनामा दिईएको भएमा अख्तियारनामा पत्र (Power of Attorney)
- आफ्नो भवन भए लालपूर्जाको प्रतिलिपी अन्यथा घरधनी सँगको घरबहाल सम्झौताको प्रतिलिपी
- मुख्य कारोवार स्थल वा प्रधान कार्यालय देखिने गरी बनाइएको नक्सा ।

### १.४.३ स्थायी लेखा नम्बरको लागी e-Registration गर्ने प्रकृया

### १.४.३.१ व्यक्तिगत स्थायी लेखा नम्बरको लागी e-Registration गर्न

व्यक्तिगत स्थायी लेखा नम्बर वा व्यावसायिक स्थायी लेखा नम्बर दुवै लिनको लागि Online System बाट समेत आवेदन गर्न सकिने व्यवस्था छ । सो को लागि विभागको वेधसाईट www.ird.gov.np भित्र Taxpayer Portal मा गई निम्नानुसार प्रक्रिया अपनाउनु पर्दछ ।

*Registration* को *+ Menu click* गर्ने

- *Application for Registration* मा *Click* गर्ने
- *User name, Password, Re password, Contact No. , Email Id* भर्ने

  -यसमा *User Name* र *password* लिएकाले सो र नलिएकाले अन्य नाम नम्वर भर्न सकिन्छ
- *Registration For* मा Personal PAN मा *Click* गर्ने
- *Verifying Offices* मा दर्ता हुने *Office Choose* गर्ने
- भरेको विवरण ठीक भएमा *Office Choose*गर्ने

- यसपछि दर्ताको लागि *Submission Number* रातो अक्षरमा देखिन्छ। त्योर आफ्नो *Username* र *Password* सुरक्षित रुपमा टिपेर राख्ने, *Continue* मा *Click* गर्ने
- व्यक्तिको नेपाली तथा अंग्रेजी नाम लगायत अन्य विवरण प्रविष्टी गर्ने
- फोटो र नेपाली भए नागरिकताको परिचयपत्र वा विदेशी भए पासफोर्ट वा अन्य कुनै परिचयपत्र Scan गरी Upload गर्ने फर्मको नाम नेपाली अग्रजी दुवैमा प्रविष्टी गर्ने,
- विवरण प्रिन्टगर्ने र *Submit* गर्ने *Menu use* गर्ने।
- *Submit* मा *click* गरेपछि *Confirm Action* को निर्देशन *Confirm* गर्ने।
- उक्त प्रविष्टी गरेको विवरण एकप्रति प्रिन्ट गरी सम्बन्धित कार्यालयमा सम्पर्क गरेमा कार्यालयले स्थायी लेखा नम्बर (PAN) जारी गर्दछ ।

### १.४.३.२ व्यावसायिक स्थायी लेखा नम्बरको लागि

क्रमशः *Registration* को *+ Menu click* गर्ने

- *Application for Registration* मा *Click* गर्ने
- *User name, Password, Re password, Contact No. , Email Id* भर्ने
  - यसमा *User Name* र *Password* लिएकाले सो र नलिएकाले अन्य नाम नम्वर भर्न सकिन्छ
- *Registration For* मा Personal PAN मा *Click* गर्ने
- *Verifying Offices* मा दर्ता हुने *Office Choose* गर्ने
- भरेको विवरण ठीक भएमा *Office Choose* गर्ने
- यसपछि दर्ताको लागि *Submission Number* रातो अक्षरमा देखिन्छ। त्यो र आफ्नो *Username* र *Password* सुरक्षित रुपमा टिपेर राख्ने, प्रिन्ट निकाल्ने दिएको निर्देशन अनुसार गर्ने
- *Business Type* मा *Click* गर्ने, व्यक्तिगत भए *Individual* र नभएमा *Business Choose* गर्ने
- *Business* को *Type Choose* गर्ने
- *Pan* भएमा *Yes,* नभएमा *No Choose* गर्ने, *Continue* मा *Click* गर्ने
- *Business Registration* मा *Click* गर्ने
- फर्मको नाम नेपाली अग्रजी दुवैमा प्रविष्टी गर्ने
- दर्ताको विवरण मा प्रविष्टी गर्ने
- मुख्य कार्यालय को ठेगाना, कारोबारको मुख्यस्थल, व्यवसायिक विवरण, घरधनीको विवरण, व्यवसायिक ब्यक्तिगत विवरण

- विवरण प्रिन्ट गर्ने र *Submit* गर्ने *Menu use* गर्ने।
- *Submit* मा *click* गरेपछि *Confirm Action* को निर्देशन *Confirm* गर्ने।
- उक्त प्रविष्टी गरेको विवरण एकप्रति प्रिन्ट गरी सम्बन्धित कार्यालयमा सम्पर्क गरेमा कार्यालयले स्थायी लेखा नम्बर (PAN) जारी गर्दछ ।

### १.५ व्यक्तिगत स्थायी लेखा नम्बरको फाईदा

- Personal PAN लिएको अवस्थामा आफूले बुझाएको आयकर कम्प्यूटर प्रणालीमा रेकर्ड रहने हुंदा चाहेको बखत हेर्न सकिन्छ ।
- कर दाखिलाको जानकारी वा कर चुक्ता प्रमाणपत्र चाहिएमा सहज हुने र यो आधिकारिक समेत हुन्छ ।

## २. मूल्य अभिबृद्धि करमा दर्ता

मूल्य अभिबृद्धि कर ऐन, २०५२ बमोजिम स्थायी लेखा नम्बर लिइसकेका करदाताको हकमा मू.अ.कर दर्ताको लागि आवेदन संलग्न गरी कार्यालयमा पेश गर्नु पर्दछ । पहिले स्थायी लेखा नम्बर नलिएका करदाताको हकमा माथि स्थायी लेखा नम्बर लिन आवश्यक कागजात सहित तोकिएको ढाँचामा आवेदन गर्नुपर्दछ । यसरी आवेदन गर्दा करदाताले Online मार्फत वा म्यानुअल दुवै किसिमले गर्न सक्दछन् । यसरी पेश भएको आवेदन छानबिन गरी कर अधिकृतले करदातालाई दर्ता गरिदिनु पर्दछ ।

### २.१ अनिवार्य रुपमा मू.अ.करमा दर्ता

देहायका व्यवसाय तथा कारोबार गर्ने करदाता अनिवार्य रुपमा मू.अ.करमा दर्ता हुनुपर्दछ ।

- विगत १२ महिनामा वस्तुको कारोबारको हकमा वार्षिक रु ५० लाखभन्दा बढी कारोबार गर्ने व्यक्ति,
- विगत १२ महिनामा सेवाको कारोबारको हकमा वार्षिक रु २० लाखभन्दा बढी कारोबार गर्ने व्यक्ति,
- विगत १२ महिनामा वस्तु तथा सेवाको मिश्रित कारोबारको हकमा वार्षिक रु २० लाखभन्दा बढी कारोबार गर्ने व्यक्ति,
- व्यावसायिक प्रयोजनको लागि एकपटकमा रु दश हजार रुपैया भन्दा बढीको करयोग्य वस्तु तथा सेवाको पैठारी गरेमा,
- ईंटा उत्पादन गरी कारोबार गरेमा, मदिरा, वाइन, हेल्थ क्लब, डिस्को थेक, मसाज थेरापी, मोटर पार्टस्, विद्युतीय सफ्टवेयर, भन्सार एजेण्ट, खेलौनाको व्यावसाय, ट्रेकिङ, र्याफिटङ, अल्ट्रालाइट फ्लाइट, प्याराग्लाइडिङ, पर्यटक सवारी, क्रसर, वालुवा खानी, स्लेट र ढुंगा उद्योग सम्बन्धी व्यवसाय सञ्चालन गर्ने,

- कुनै व्यक्तिले महानगरपालिका उपमहानगरपालिका वा विभागले तोकेको क्षेत्रभित्र हार्डवर्यर, सेनिटरी, फर्निचर फिक्स्चर, फर्निसिङ्ग, अटोमोबाइल्स, इलेक्ट्रोनिक्स, मार्बल, शैक्षिक परामर्स, लेखा तथा लेखापरीक्षण सम्बन्धी सेवा, क्याटरिङ्ग सेवा, पार्टी प्यालेस व्यवसाय, पार्किङ सेवा, मेशिनरी उपकरण प्रयोग भएको ड्राईक्लिनर्स, बार सहितको रेष्टुरेण्ट, आइक्रिम उद्योग, कलरल्याब, बुटिक, शिक्षण संस्था वा स्वास्थ्य संस्था वा अन्य निकायमा युनिफर्म आपूर्ति गर्ने,

## २.२ अस्थायी दर्ता सम्बन्धी व्यवस्थाः

- अस्थायी रुपमा आयोजना गर्ने प्रदर्शनी मेला तथा अन्य यस्तै कारोबारको हकमा कारोबार सुरु हुनुभन्दा अगावै आयोजक तथा त्यस्तो आयोजनामा कर लाग्ने वस्तु वा सेवाको कारोबार गर्ने मूल्य अभिवृद्धि करमा दर्ता नभएका व्यवसायी तोकिए बमोजिम अस्थायी रुपमा मूल्य अभिवृद्धि करमा अस्थायी रुपमा दर्ता हुनुपर्ने ।
- कुनै दुई वा सोभन्दा बढी व्यक्तिले कुनै निश्चत अवधिका लागि कर लाग्ने कारोबार गर्न संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) खडा गरेमा त्यस्ता व्यक्तिहरु दर्ता रहेका कार्यालयमध्ये कुनै एक कार्यालयको कर अधिकृतसमक्ष त्यस्तो संयुक्त उपक्रम अस्थायी रुपमा दर्ताको लागि निवेदन दिनुपर्नेछ ।

## २.३ मूल्य अभिवृद्धि करमा स्वेच्छिक दर्ता

वस्तुको कारोबारको हकमा वार्षिक रु ५० लाखभन्दा कम वा वस्तु तथा सेवाको मिश्रित कारोबार र सेवाको कारोबारको हकमा वार्षिक रु २० लाखभन्दा कमको करयोग्य कारोबार गर्ने व्यक्ति समेत स्वेच्छिक रुपमा मू.अ.करमा दर्ता हुन चाहेमा सम्बन्धित कार्यालयमा निवेदन दिई मू.अ.करमा दर्ता हुन सक्ने व्यवस्था छ।

## २.४ मूल्य अभिवृद्धि करमा दर्ता हुनको लागि Online System बाट आवेदन गर्दा

मूल्य अभिवृद्धि करमा दर्ता हुनको लागि Online System बाट समेत आवेदन गर्न सकिने व्यवस्था छ । सो को लागि विभागको वेभसाईट www.ird.gov.np भित्र Taxpayer Portal मा गई निम्नानुसारको प्रक्रिया अपनाउनु पर्दछ ।

क्रमशः *Registration* को *+ Menu click* गर्ने

- *Application for Registration*मा *Click* गर्ने
- *User name, Password, Re password, Contact No. , Email Id* भर्ने
    - यसमा *User Name* र*password* लिएकाले सो र नलिएकाले अन्य नाम नम्वर भर्न सकिन्छ
- *Registration For* मा VAT मा *Click*गर्ने
- *Verifying Offices* मा दर्ताहुने *Office Choose* गर्ने
- भरेको विवरण ठीक भएमा *Office Choose*गर्ने

- यसपछि दर्ताको लागि *Submission Number* रातो अक्षरमा देखिन्छ।त्यो र आफ्नो *Username* र *Password* सुरक्षित रुपमा टिपेर राख्ने, PAN नम्बर प्रविष्टी गरी *Continue* मा *Click* गर्ने
- १२ महिनाको अनुमानित कारोबार प्रविष्टी गर्ने
- कर अवधि मासिक वा चौमासिक छनोट गर्ने
- विवरणप्रिन्टगर्नेर*Submit* गर्ने*Menu use* गर्ने।
- *Submit* मा *click* गरेपछि *Confirm Action* को निर्देशन *Confirm* गर्ने।
- उक्त प्रविष्टी गरेको विवरण एकप्रति प्रिन्ट गरी सम्बन्धित कार्यालयमा सम्पर्क गरेमा कर अधिकृतले मू.अ.करमा दर्ता गर्ने ।

## ३. अन्तःशुल्क इजाजतपत्र (License)

अन्तःशुल्क ऐन,२०५८ले अन्तःशुल्क लाग्ने कुनै पनि वस्तु तथा सेवा सम्बन्धी कारोबार शुरु गर्नुभन्दा पहिले आन्तरिक राजस्व विभाग वा सम्बन्धित आन्तरिक राजस्व कार्यालय, करदाता सेवा कार्यालय वा आन्तरिक राजस्व कार्यालय र करदाता सेवा कार्यालय नभएका जिल्लामा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट त्यस्तो कारोबार गर्न अनुमति लिनुपर्ने व्यवस्था गरेको छ । यस्तो अनुमतिपत्रलाई अन्तःशुल्क इजाजतपत्र भनिन्छ ।यसरी इजाजतपत्र लिएपछि अन्शुल्कमा स्वत दर्ता भएको बुझिन्छ ।अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको कारोबार गर्ने जुनसुकै व्यक्तिले त्यस्ता वस्तुको उत्पादन, पैठारी, मदिराजन्य र सूर्तिजन्य पदार्थको खरिद, बिक्री, संचय, निकासी गर्ने जस्ता कारोबार अन्तःशुल्क इजाजतपत्र लिएर मात्र गर्नुपर्छ । अन्तशुल्क इजाजतपत्र लिनको लागि अन्तशुल्क नियमावलीमा तोकिए बमोजिमको दस्तुर तिर्नुपर्दछ ।

### ३.१ अन्तःशुल्क इजाजतपत्रका प्रकार

- अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्नः उत्पादन इजाजतपत्र
- विदेशबाट अन्तःशुल्क लाग्ने वस्तु पैठारी गर्नः पैठारी इजाजतपत्र
- अन्तःशुल्क लाग्ने वस्तुको खरिद बिक्री गर्नः खरिद बिक्रीको इजाजतपत्र
- अन्तःशुल्क लाग्ने वस्तुको निकासी गर्नः निकासी इजाजतपत्र

### ३.२ अन्तःशुल्क इजाजतपत्रको म्याद थप (नवीकरण) सम्बन्धी व्यवस्था

- अन्तःशुल्क लाग्ने वस्तुको कारोबार गर्नको लागि दिएको इजाजतपत्रको अवधि एक आर्थिक वर्षसम्म मात्र कायम रहन्छ ।
- म्याद थप गराउनु भनेको इजाजतपत्र नवीकरण गराउनु हो र यसको लागि सम्वन्धित आन्तरिक राजस्व कार्यालय, करदाता सेवा कार्यालय वा तोकिएको कोष तथा लेखा नियन्त्रक कार्यालयमा निवेदन दिनुपर्छ ।
- इजाजतपत्र नवीकरण गराउन तोकिए बमोजिमको दस्तुर दाखिला गर्नुपर्छ ।

- अन्तशुल्क ईजाजतपत्र तोकिए बमोजिमको दस्तुर दाखिला गरी श्रावण महिना भित्र नवीकरण गराउनुपर्छ । श्रावण महिना भित्र नवीकरण नगराएमा सो समाप्त भएको पहिलो ३ महिना (भाद्र देखि कार्तिक मसान्त) भित्र नवीकरण गराउनेले नवीकरण दस्तुरको २५ प्रतिशत, त्यसपछिको ३ महिना (मंसिर देखि माघ मसान्त) भित्र नवीकरण गराउनेले नवीकरण दस्तुरको ५० प्रतिशत, त्यसपछिको ३ महिना (फागुन देखि बैशाख मसान्त) भित्र नवीकरण गराउनेले नवीकरण दस्तुरको ७५ प्रतिशत त्यसपछि नवीकरण गराउनेले नवीकरण दस्तुरको १०० प्रतिशत रकम जरिवाना दाखिला गर्नुपर्नेछ ।
- कुनै इजाजतपत्रवालाले चाहेमा ३ आर्थिक वर्षसम्मको लागि पनि एकैपटक नवीकरण दस्तुर तिरी नवीकरण गराउन सक्नेछ ।
- मदिराजन्य तथा सूर्तिजन्य वस्तु बाहेक अन्य वस्तुको खरिद बिक्रीको इजाजत नवीकरण गराउनु पर्देन ।

### ३.३ अन्तःशुल्क इजाजतपत्र लिनु नपर्ने अवस्था

निम्न अवस्थामा अन्तःशुल्क ईजाजतपत्र लिनु पर्दैन ।

- परराष्ट्र मन्त्रालयको सिफारिसमा कूटनैतिक सुविधा अन्तर्गत अन्तःशुल्क लाग्ने वस्तुको पैठारी गर्दा इजाजत लिनु पर्ने छैन ।
- स्वयं निष्काशन प्रणाली (सूर्तिजन्य पदार्थ बाहेक) अन्तर्गतका वस्तुहरुको बिक्री वा संचय गर्न अन्तःशुल्क इजाजतपत्र लिनुपर्ने छैन ।

## ४.स्थायी लेखा नम्बर परिवर्तन सम्बन्धी व्यवस्था

### ४.१ Personal PAN बाट Business PAN मा रुपान्तरणः

Personal PAN लिएको व्यक्तिले व्यवसाय गर्न चाहेमा Personal PAN लाई Business PAN मा रुपान्तरण गर्न सकिन्छ ।सो को लागि माथि उल्लेखित व्यावसायिक स्थायी लेखा नम्बर लिनको लागि आवश्यक कागजातहरु संलग्न गरी सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा निवेदन दिएमा सम्बन्धित कार्यालयले Business PAN मा रुपान्तरण गरिदिनेछ।

### ४.२ Business PAN बाट Personal PAN मा रुपान्तरणः

Business PAN लिई एकलौटी व्यवसाय सञ्चालन गरेको व्यक्तिले व्यवसाय छाडी रोजगारी मात्र गर्न चाहेमा Business PAN लाई Personal PAN मा रुपान्तरण गर्न सकिन्छ ।सोको लागि व्यावसायिक स्थायी लेखा नम्बर स्थगन गरी Personal PAN लिनको लागि आवश्यक कागजातहरु संलग्न गरी सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा निवेदन दिएमा सम्बन्धित कार्यालयले Personal PAN मा रुपान्तरण गरिदिनेछ।

## ५. स्थायी लेखा नम्वर दर्ता खारेजी वा स्थगन

स्थायी लेखा नम्वर दर्ता खारेजी वा स्थगन गर्ने भन्नाले आयकर, मूल्य अभिबृद्धिकर तथा अन्तःशुल्क प्रयोजनको लागि दर्ता भएका करदाताहरुले व्यवसाय बन्द वा अन्य व्यक्तिलाई हस्तान्तरण गरी दर्ता खारेज गरिदिन अनुरोध गरेमा वा कानुन बमोजिम कर अधिकृतले कुनै व्यक्तिको दर्ता खारेज गर्ने निर्णय गरेमा स्थायी लेखा नम्बर स्थगन वा इजाजतपत्र खारेज गर्ने दुबै कार्यलाई सम्झनु पर्छ ।

### ५.१ व्यावसायिक स्थायी लेखा नम्बर स्थगन गर्ने अवस्था

- संगठित संस्था भए त्यस्ता संगठित संस्था बन्द बिक्री वा हस्तान्तरण भएमा वा अन्य कुनै किसिमबाट त्यस्ता संगठित संस्थाको अस्तित्व कायम नरहेमा,
- व्यक्तिगत स्वामित्व भए त्यस्तो स्वामित्व भएको व्यक्तिको मृत्यु भएमा,
- साझेदार संस्था भए त्यस्ता साझेदारी संस्था विघटन भएमा वा साझेदारको मृत्यु भएमा,
- व्यवसायिक स्थायी लेखा नम्बर (PAN) लिनको लागि व्यवसाय दर्ता भएको स्थानीय निकाय (जस्तै महानगरपालिका, उप महानगरपालिका, नगरपालिका वा गाँउपालिका), घरेलु तथा साना उद्योग कार्यालय बाणिज्य कार्यालय  कम्पनी रजिष्टारको कार्यालय जहा शुरू ब्यवसाय दर्ता भएको थियो सोही निकायबाट उक्त ब्यवसाय बन्द भएको, खारेज भएको वा लगत कट्टा भएको प्रमाण सहित सम्बन्धित आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयमा निवेदन दिनुपर्दछ । निवेदन दिदां सो आ.व. सम्मको सम्पूर्ण आय बिवरणहरु र सोको लाग्ने सम्पूर्ण कर शुल्क ब्याज बुझाई सकेको हुनुपर्दछ ।ब्यक्तिको मृत्युपछि यो नम्बर खारेज हुन्छ अन्यथा यो नम्बर सो ब्यक्तिको नाममा **Inactive** अवस्थामा **System** मा रहिरहन्छ र सोही व्यक्तिले पुनः व्यवसाय गर्न चाहेमा सोही स्थायी लेखा नम्बर लाई **Active** गर्न सकिन्छ।

### ५.२ मू.अ.करमा दर्ता भएको करदाताको दर्ता खारेजी सम्बन्धी व्यवस्था

निम्न अवस्थामा कर अधिकृतले मू.अ.कर दर्ता खारेजी गर्न सक्नेछ ।

- संगठित संस्था भए त्यस्ता संगठित संस्था बन्द बिक्री वा हस्तान्तरण भएमा वा अन्य कुनै किसिमबाट त्यस्ता संगठित संस्थाको अस्तित्व कायम नरहेमा,
- व्यक्तिगत स्वामित्व भए त्यस्तो स्वामित्व भएको व्यक्तिको मृत्यु भएमा,
- साझेदार संस्था भए त्यस्ता साझेदारी संस्था विघटन भएमा वा साझेदारको मृत्यु भएमा,
- दर्ता भएको व्यक्तिले कर लाग्ने कारोबार गर्न छाडेमा,
- लगातार बाह्र महिनासम्म शून्य विवरण दिने वा विवरण नै नदिई बसेका करदाता भएमा,
- विगत बाह्र महिनामा वस्तुको हकमा पचास लाख रुपैयाँ र वस्तु तथा सेवा मिश्रित कारोवारको र सेवाको हकमा बीस लाख रुपैयाँ करयोग्य कारोवार नपुगेको करदाता भएमा
- भूलवश दर्ता भएकोमा,

- अस्थायी रुपमा आयोजना गर्ने प्रदर्शनी मेला तथा अन्य यस्तै कार्यक्रमको लागि मात्र दर्ता भएको करदाताले आयोजना गरेको प्रर्दशनी मेला समाप्त भएको सात दिनभित्र कारोबारको विवरण पेश गरी लाग्ने सम्पूर्ण कर समेत दाखिला गरी अस्थायी दर्ता खारेजी गर्नुपर्ने ।
- संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) ले त्यस्तो उपक्रम खडा गर्दा गरेको सम्झौतामा तोकिएको अवधि समाप्त भएपछि दर्ता खारेजी गराउनुपर्नेछ ।

### ५.३ मू.अ.कर दर्ता खारेजीको प्रक्रिया

दर्ता खारेजीको निवेदन र व्यापार बन्द अवस्थामा भर्नु पर्ने कर विवरण (अनुसूची११) भरेर कार्यालयमा बुझाएपछि १५ दिनभित्र करदाताले लेखापरीक्षणको लागि आफ्नो कागजातहरु पेश गर्नुपर्नेछ। कार्यालयबाट कर परीक्षण गरी परीक्षणबाट कुनै थप दायित्व सिर्जना भए सो र पुरानो कुनै कर बक्यौता भए सो समेत असूल गरी दर्ता खारेज गरी दिनेछ । कार्यालयले तीन महिना भित्र दर्ता खारेजी गरी वा दर्ता खारेजी नहुने भए सो को जानकारी करदातालाई दिनु पर्ने व्यवस्था छ ।

### ५.४ अन्तःशुल्क इजाजतपत्र स्थगन गर्न सक्ने व्यवस्था

अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको कारोबार गर्ने करदाताले त्यस्तो कारोबार गर्न छाडेमा कारोबार गर्न छाडेमा कारोबार स्थगन गर्न पाउने कानूनी व्यवस्था अन्तःशुल्क ऐन २०५८ को दफा ९(क) ले गरेको छ ।यसको प्रक्रिया निम्नानुसार रहेको छः

- अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको कारोबार गर्ने इजाजतपत्रवाला व्यक्तिले त्यस्तो कारोवार गर्न छाडेमा सोको कारण खोली १५ दिनभित्र अन्तःशुल्क अधिकृत समक्ष निवेदन दिनुपर्छ ।
- यसरी निवेदन दिएपछि स्थगन गर्नुपर्ने देखिएमा ३० दिनभित्र अन्तःशुल्क अधिकृतले स्थगन गरिएको जानकारी इजाजतपत्रवालालाई दिनुपर्छ ।

### ५.४.१ देहायको अवस्थामा इजाजतपत्र रद्द हुन सक्ने व्यवस्था छ ।

- इजाजतपत्रमा तोकिएको शर्त तथा बन्देज उल्लंघन भएको पाइएमा,
- सार्वजनिक हित विपरीत हुने देखिएमा,
- बुझाउनुपर्ने अन्तःशुल्क नबुझाएमा,
- इजाजतपत्रवाला संस्था विघटन भएमा वा इजाजतपत्रवालाले आफ्नो इजाजतपत्र रद्द गर्न निवेदन दिएमा ।

## दर्तासँग सम्बन्धित फारामहरु

आयकर, मू.अ. कर तथा अन्तशुल्क दर्ता तथा दर्ता खारेजका लागि तल दिईएको अनलाईन Link भित्र जान सकिनेछ ।

| **विषय** | **अनलाईन फाराम Link (Ctrl+Click)** |
|---|---|
| आयकर, मू अ कर तथा अन्तशुल्क दर्ता तथा दर्ता खारेजका लागि | https://taxpayerportal.ird.gov.np/taxpayer/app.html |